# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०४।२९ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी भरत बहादुर बुढथापा रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी भरत बहादुर बुढथापा रहेको गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको सम्बन्धि मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।२९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | भरत बहादुर बुढथापा (विशेष अदालतको मुद्दा नं. ०७९-CR-००११ र फैसला मिति २०८०/०७/२४) | पर्यटकीय सडक निर्माणको रकम हिनामिना गरी भ्रष्टाचार गरेको। | जिल्ला मुगु, छायाँनाथ रारा नगरपालिका वडा नं. १४ स्थित चंखेली हिमालदेखि दुधताल सातदहसम्मको पर्यटकीय सडक निर्माणमा बदनियतपूर्वक योजनाको सम्झौतामा निर्धारीत शर्त तथा मापदण्ड विपरीत झुट्टा कागजातहरु निर्माण गरी, भएको वास्तविक कामभन्दा बढी काम गरेको भनी झुट्टा नापी किताब, मूल्याङ्कन बिल, उपभोक्ता समितिको बिल र कार्य सम्पन्न प्रतिवेदन तयार गरी गराई रकम भुक्तानी लिने/दिने कार्य गरी नेपाल सरकारलाई रु. २०,४८,४०३।५४ (बीस लाख अडचालिस हजार चार सय तीन र पैसा चौवन्न मात्र) गैरकानुनी हानिनोक्सानी पुर्‍याएको पुष्टि हुन आएकोले सो भ्रष्टाचारजन्य कार्यमा देहायका राष्ट्रसेवकहरु र व्यक्तिहरुले देहाय बमोजिम कसुर गरेकाले निजहरुलाई देहाय बमोजिम सजाय हुन मागदावी लिइएको।<br>**(क) डिभिजन वन कार्यालय, मुगुमा कार्यरत डिभिजन वन अधिकृत भरत बहादुर बुढथापा, सब- इन्जिनियर गोरसिंह बढुवाल र असिस्टेन्ट सब-इन्जिनियर हिमाल कुमार मल्लको हकमाः**<br>जिल्ला मुगु, छायाँनाथ रारा नगरपालिका वडा नं. १४ स्थित चंखेली हिमालदेखि दुधताल सातदहसम्मको पर्यटकीय सडक निर्माण कार्यमा नापी किताबमा फिल्डमा भएको वास्तविक कामभन्दा Hard Soil मा २७७३ घन मिटर बढी, Ordinary/Soft Rock मा ५९२.२५ घन मिटर बढी र Medium Rock मा ५२.६८ घन मिटर बढी परिमाण देखाई सम्झौतामा निर्धारीत शर्त तथा मापदण्ड | <u>फैसलाः</u> आंशिक वादी दावी पुग्ने।<br><u>विशेष अदालतले फैसला गर्दा लिएका आधारः</u><br>**(क)** अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतमा मिति २०७९/०१/२२ मा पेस भएको **स्थलगत नाँपजाँच तथा प्राविधिक प्रतिवेदन**मा उक्त सडकको नापी किताबमा फिल्डमा भएको वास्तविक कामभन्दा Hard Soil मा २७७३.९७ घन मिटर बढी, Ordinary/Soft Rock मा ५९२.२५ घन मिटर बढी र Medium Rock मा ५२.६८ घन मिटर बढी परिमाण चढाइ रु. २०,४८,४०३।५४ रकम बढी मूल्याङ्कन गरेको र नापी किताब र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा, फिल्डमा भएको वास्तविक कामको परिमाणभन्दा बढी परिमाण चढाइ रकम हानिनोक्सानी गरेको भन्ने देखिएको।<br>**(ख)** प्रतिवेदकहरुले स्थलगत मुचुल्कामा प्रतिवादीहरु गोरसिंह बढुवाल, सुरेन्द्र बहादुर बुढा र लक्ष्मण बुढा तथा छायाँनाथ रारा नगरपालिका वडा नं. १४ का वडा अध्यक्ष नन्दलाल बढुवाल समेतलाई रोहबरमा राखेको देखिएकोले आयोगको प्राविधिक टोलीले उक्त सडकको नाँपजाँच गरेको तथ्य पुष्टि भएको देखिएको।<br>**(ग)** तीनै जना प्रतिवेदकहरुले स्थलगत प्राविधिक प्रतिवेदन समर्थित हुने गरी फिल्डमा भएको स्थलगत नाँपजाँच र मुचुल्काको आधारमा प्रतिवेदन दिएको हो भनी बकपत्र गरेको देखिंदा स्थलगत रुपमा नाँपजाँच गरेको तथ्यको पुष्टि भएको देखिएको।<br>**(घ)** छायाँनाथ रारा नगरपालिका वडा नं. १४ का तत्कालीन वडाध्यक्ष नन्दलाल बढुवालले अदालतमा आई बकपत्र गर्दा स.ज. ८ मा उक्त पर्यटकीय सडक निर्माण कार्य सम्पन्न भएको देखेर नै भुक्तानीको लागि सिफारिस गरेको हुँ भनी उल्लेख गरेको भए तापनि गरेको कामको परिमाण के-कति थियो भनी थाहा पाउने प्राविधिक व्यक्ति नहुँदा र काम फिल्डमा कम | **प्रतिवादी भरत बहादुर बुढथापाको हकमा सम्मानित विशेष अदालतबाट निज प्रतिवादीले आरोपित कसूरबाट सफाई पाउने ठहरी भएको फैसला देहाय बमोजिमका कानुनी आधार र प्रमाणहरुबाट त्रुटिपूर्ण रहेकोः**<br>**(क)** प्रस्तुत मुद्दामा डिभिजन वन कार्यालय, मुगुका सब-इन्जिनियर प्रतिवादी गोरसिंह बढुवालले चंखेली हिमालदेखि दुधताल सातदहसम्मको पर्यटकीय सडक निर्माण उपभोक्ता समितिका नापी किताब, मूल्याङ्कन बिल, उपभोक्ता समितिको बिल र कार्य सम्पन्न प्रतिवेदन तयार गरेको; सोही कार्यालयका असिस्टेन्ट सब-इन्जिनियर प्रतिवादी हिमाल कुमार मल्लले उक्त कागजात चेकजाँच गरेको र उक्त कार्यालयका डिभिजिनल वन अधिकृत प्रतिवादी भरत बहादुर बुढथापाले उक्त कागजात स्वीकृत गरेको देखिएको। उक्त उपभोक्ता समितिका अध्यक्ष सुरेन्द्र बहादुर बुढा, उपाध्यक्ष गनलाल बढुवाल, सचिव लक्ष्मण बुढा र कोषाध्यक्ष चौरसिला बुढाको नामबाट सञ्चालित राष्ट्रिय वाणिज्य बैंक, मुगु शाखामा च.हि.नं. ४०७०००८०८८०१ मा बढी भुक्तानी भएको रकम रु. २०,४८,४०३।५४ समेत भुक्तानी भएको तथ्य मिसिल संलग्न प्रमाणहरुबाट देखिएको। प्रतिवादी भरत बहादुर बुढथापाले मौकामा र अदालतमा बयान गर्दा उक्त सडक निर्माणको स्थलगत अनुगमन गरेको देखिएको, त्यसैगरी मिसिल संलग्न नापी किताबमा हस्ताक्षर गरी स्वीकृत गरेको भनी लेखाएको र निज प्रतिवादीले नापी किताब समेतमा गरेको हस्ताक्षर सनाखत गरेको। उल्लिखित तथ्य एवं सवूद प्रमाणलाई फैसलामा न्यायोचित तवरले विश्लेषण र मूल्याङ्कन भएको नदेखिएको।<br>**(ख)** उक्त सडकको नापी किताबमा फिल्डमा भएको वास्तविक कामभन्दा Hard Soil मा २७७३.९७ घन मिटर बढी, Ordinary/Soft Rock मा ५९२.२५ घन मिटर बढी र Medium Rock मा ५२.६८ घन मिटर बढी परिमाण चढाइ रु. २०,४८,४०३।५४ रकम बढी मूल्याङ्कन गरेको र नापी किताब र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा, फिल्डमा भएको वास्तविक कामको परिमाणभन्दा बढी परिमाण चढाइ रकम हानिनोक्सानी गरेको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतमा मिति २०७९/०१/२२ मा पेस भएको स्थलगत नाँपजाँच तथा प्राविधिक प्रतिवेदनमा उल्लेख भएको देखिएको। उक्त स्थलगत नाँपजाँच तथा प्राविधिक प्रतिवेदनको बेहोरालाई समर्थन हुने गरी प्रतिवेदकहरु सि.डि.इ. लक्ष्मी प्रसाद भण्डारी, अनुसन्धान अधिकृत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विपरीत निर्माण कार्य गरी जम्मा रु. २०,४८,४०३।५४ बढी मूल्याङ्कन गरी भुक्तानी दिने कार्य गरी उक्त योजनाका नापी किताब, मूल्याङ्कन बिल, उपभोक्ता समितिको बिल र कार्य सम्पन्न प्रतिवेदन डिभिजन वन कार्यालय, मुगुका प्रतिवादी सब-इन्जिनियर गोरसिंह बढुवालले तयार गरेकोमा उक्त कागजातहरुको चेक जाँच प्रतिवादी असिस्टेन्ट सब-इन्जिनियर हिमाल कुमार मल्लले गरेको र स्वीकृत प्रतिवादी डिभिजनल वन अधिकृत भरत बहादुर बुढथापाले गरेको देखिँदा निज प्रतिवादीहरुले वास्तविक कामलाई बढी भए गरेको हो भनी नभए नगरेको काम देखाई त्यस्तो झुट्टा तथ्यलाई पुष्टी हुने गरी झुट्टा नापी किताब, मूल्याङ्कन बिल, उपभोक्ता समितिको बिल र कार्य सम्पन्न प्रतिवेदन तयार गरी सम्झौतामा निर्धारीत शर्त तथा मापदण्ड विपरीत निर्माण कार्य गरी गराई रु. २०,४८,४०३।५४ नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पुर्‍याई प्रतिवादीहरु भरत बहादुर बुढथापा, गोरसिंह बढुवाल र हिमाल कुमार मल्लले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूर गरेकोमा रु. २०,४८,४०३।५४ (बीस लाख अडचालिस हजार चार सय तीन र पैसा चौवन्न मात्र) बिगो कायम गरी निज प्रतिवादीहरुलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन मागदावी लिइएको।<br>(ख) **चंखेली हिमालदेखि दुधताल सातदहसम्म पर्यटकीय सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष सुरेन्द्र बहादुर बुढा, उपाध्यक्ष गनलाल बढुवाल, सचिव** | भएको तथा नापी किताबमा परिमाण बढी देखाएको सम्बन्धमा निज वडाध्यक्षलाई जानकारी हुने अवस्था पनि नहुँदा निजको बकपत्र कै आधारमा उक्त पर्यटकीय सडकको निर्माण कार्य सम्झौता बमोजिम सम्पन्न भएको थियो भनी भन्न सकिने अवस्था रहेको नदेखिएको।<br>**(ङ)** प्रतिवादीहरु गोरसिंह बढुवाल र हिमाल कुमार मल्लले आरोपित कसूरमा इन्कार रही बयान गरे तापनि प्रतिवादी गोरसिंह बढुवाल समेतले स्थलगत मुचुल्कामा नाँपजाँच निजको रोहवरमा भएको हो भनी सही गरेको देखिएकोले; वर्षा र हिमपातले पदमार्ग क्षति पुर्‍याएको तथा सडक बगाएको तथ्यको पुष्टि हुने प्रमाणहरु प्रतिवादीले बयानसाथ पेस गर्न सकेको नदेखिएकोले र स्थलगत मुचुल्काको रोहवरमा बस्ने छायाँनाथ रारा नगरपालिका वडा नं. १४ का तत्कालीन वडाध्यक्ष नन्दलाल बढुवाल समेतले बकपत्र गर्दा उक्त मुचुल्कामा प्रतिवेदकहरु निर्माण स्थलमा गई नाँपजाँच गरेको तथ्य बेहोरालाई समर्थन हुने गरी उल्लेख गरेको देखिएकोले प्रतिवेदनको सबै बेहोरा फिल्डमा नै लेख्नुपर्ने आवश्यक्ता नभएको र प्रतिवेदनको बेहोरासम्म कार्यालयमा बसी तयार गरेको कार्यलाई अन्यथा भन्न मिल्ने नदेखिएको।<br>**(च)** स्थलगत नाँपजाँच तथा प्राविधिक प्रतिवेदनमा फिल्डमा भएको वास्तविक कामभन्दा बढी परिमाण चढाइ रु. २०,४८,४०३।५४ बढी मूल्याङ्कन गरी रकम हिनामिना गरेको भन्ने बेहोरालाई पुष्टि हुने गरी प्राविधिकहरुले बकपत्र गरिदिएकोले; प्रतिवादीहरु सुरेन्द्र बुढा र लक्ष्मण बुढाले स्थलगत मुचुल्कामा बसी सहीछाप गरेका तथा उक्त मुचुल्काको रोहवरमा बस्ने वडाध्यक्ष नन्दलाल बढुवालले उक्त मुचुल्कामा सही गरेको भनी गरिदिएको बकपत्र र वर्षा र हिमपातको कारणले क्षति पुगेको तथ्यगत प्रमाणहरु प्रतिवादीहरुले बयानसाथ पेस गर्न नसकेकोले प्रतिवादीहरु सुरेन्द्र बहादुर बुढा, गनलाल बढुवाल, लक्ष्मण बुढा र चौरसिला बुढाले आरोपित कसुरमा इन्कार रही गरिदिएको बयान जिकिरलाई मात्र आधार | रत्न चन्द्र गौतम र सब-इन्जिनियर अनिल के.सी. ले अदालतमा आई बकपत्र गरिदिएको। प्रतिवादी भरत बहादुर बुढथापाले उक्त पर्यटकीय सडकमा वर्षा र हिमपातको कारणले क्षति पुगेको तथ्यगत प्रमाणहरु समेत पेस गर्न नसकेको। यी प्रतिवादीका हकमा मिसिल संलग्न सबूद प्रमाणको न्यायोचित विवेचना नगरी सफाई दिइएको फैसला त्रुटिपूर्ण रहेको।<br>**(ग)** उक्त सडक निर्माणको स्थलगत अनुगमन गरी सह-प्रतिवादीहरु गोरसिंह बढुवाल र हिमाल कुमार मल्ल समेतले तयार र चेकजाँच गरी हस्ताक्षर गरेको नापी किताब समेतमा प्रतिवादी भरत बहादुर बुढथापाले हस्ताक्षर गरी स्वीकृत गरेको। त्यसैगरी, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतमा मिति २०७९/०१/२२ मा पेस भएको स्थलगत नाँपजाँच तथा प्राविधिक प्रतिवेदनको बेहोरा र उक्त बेहोरालाई प्रतिवादी भरत बहादुर बुढथापाले अन्यथा प्रमाणित गर्न नसकेको। त्यस्तै, प्रतिवादी भरत बहादुर बुढथापा समेतको संलग्नतामा सोही कार्यको लागि अन्य सह-प्रतिवादीहरुलाई कसूरदार ठहरी सजाय समेत भएको। यसरी, प्रतिवादी भरत बहादुर बुढथापा अप्राविधिक व्यक्ति भएको, सह-प्रतिवादीहरुले निज उपर पोल बयान गरेको नदेखिएको र यी प्रतिवादीले इन्कारी बयान गरेको भन्ने आधार र कारण कै आधारमा प्रतिवादी भरत बहादुर बुढथापालाई आरोपित कसूरबाट सफाई पाउने ठहरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>**(घ)** प्रतिवादी भरत बहादुर बुढथापा उपर लिइएको आरोपदावीको सन्दर्भमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ मा *"(१) कुनै राष्ट्रसेवकले आफू वा अरु कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुर्‍याउने वा नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानूनी हानि पुर्‍याउने बदनियतले देहायको कुनै काम गरेमा... (ग) मनासिब कारण बिना निर्माण कार्यको गुणस्तर कम गर्ने, आकार वा रुप परिवर्तन गर्ने वा निर्धारित शर्त तथा मापदण्ड विपरीत निर्माण कार्य गर्ने, गराउने वा त्यस्तो निर्माण कार्यलाई गुणस्तरयुक्त, शर्त तथा मापदण्ड बमोजिम भएको हो भनी प्रमाणित वा स्वीकृत गर्ने, (ङ) झुट्टा बिल, भरपाई बनाई भुक्तानी लिने, दिने वा बिलको दोहोरो भुक्तानी लिने दिने,..."* भन्ने कानुनी व्यवस्था रहेको। प्रस्तुत मुद्दामा प्रतिवादी भरत बहादुर बुढथापा समेतको मिलोमतोमा आ.व. २०७६/०७७ मा सञ्चालन भएको उक्त सडक निर्माण योजनामा सम्झौतामा निर्धारीत शर्त तथा मापदण्ड विपरीत निर्माण गरी गराई, झुट्टा नापी किताब, मूल्याङ्कन बिल, उपभोक्ता समितिको बिल र कार्य सम्पन्न प्रतिवेदन तयार गरी गराई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **लक्ष्मण बुढा र कोषाध्यक्ष चौरसिला बुढाको हकमाः**<br>जिल्ला मुगु, छायाँनाथ रारा नगरपालिका वडा नं. १४ स्थित चंखेली हिमालदेखि दुधताल सातदहसम्मको पर्यटकीय सडक निर्माण कार्यमा नापी किताबमा फिल्डमा भएको वास्तविक कामभन्दा Hard Soil मा २७७३ घन मिटर बढी, Ordinary/Soft Rock मा ५९२.२५ घन मिटर बढी र Medium Rock मा ५२.६८ घन मिटर बढी परिमाण देखाई सम्झौतामा निर्धारीत शर्त तथा मापदण्ड विपरीत निर्माण कार्य गरी जम्मा रु. २०,४८,४०३।५४ बढी रकम भुक्तानी लिने कार्य गरी नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पुऱ्याई प्रतिवादीहरु सुरेन्द्र बहादुर बुढा, गनलाल बढुवाल, लक्ष्मण बुढा र चौरसिला बुढाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेकोमा रु. २०,४८,४०३।५४ (बीस लाख अडचालिस हजार चार सय तीन र पैसा चौवन्न मात्र) बिगो कायम गरी निज प्रतिवादीहरुलाई सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदावी लिइएको। | लिई कसूरबाट उन्मुक्ति दिन मिल्ने नदेखिएको।<br>**(छ)** प्रतिवादी भरत बहादुर बुढथापाले लागत अनुमान बमोजिम नै काम सम्पन्न भएको भनी उपभोक्ता समितिले सार्वजनिक सुनुवाई गरी गरेको निर्णय, प्राविधिक प्रतिवेदन समेतका आधारमा रकम भुक्तानी गरेको, मिलोमतो गरी बदनियत राखी कार्य गरेको छैन भनी कसूरमा इन्कार रही बयान गरेको र निज प्रतिवादी डिभिजनल वन अधिकृत रहेका तथा निज अप्राविधिक व्यक्तिलाई प्राविधिक विषयको ज्ञान र जानकारी हुने अवस्था पनि नरहेको, फिल्डमा गई अनुगमन निरीक्षण गरी कामको भुक्तानी दिनुपर्ने कानुनी व्यवस्था पनि नरहेको अवस्थामा निज प्रतिवादीले निज समक्ष पेस गरिएका कागजातहरुका आधारमा रकम भुक्तानी दिएका र अन्य सह-प्रतिवादीहरुले निजसँग मिलोमतो रहे भएको थियो भनी पोल बयान गरेको समेत नदेखिँदा प्रतिवादी भरत बहादुर बुढथापाको कसूरमा संलग्नता रहेको अवस्था देखिएको। | सोही कागजातको आधारमा भएको वास्तविक कामभन्दा बढी रु. २०,४८,४०३।५४ (अक्षरेपी बीस लाख अढ्चालिस हजार चार सय तीन र पैसा चौवन्न मात्र) उपभोक्ता समितिलाई भुक्तानी गरी नेपाल सरकारलाई हानि पु-याई भ्रष्टाचारको कसूर गरेको पुष्टि भएको देखिएको अवस्थामा प्रतिवादी भरत बहादुर बुढथापालाई आरोपित कसूरबाट सफाई पाउने ठहरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>**(ङ)** यसै सन्दर्भमा, भ्रष्टाचार जस्तो फौजदारी कसूरमा बदनियत तत्व कसूरदारले गरेको कार्यबाट नै पहिचान हुने हो। सम्मानित सर्वोच्च अदालतबाट *"सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ। By conduct अर्थात कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ। प्रस्तुत सन्दर्भमा प्रतिवादीहरुको क्रियातत्व हेर्दा मासी खाएको रकम बेरुजु प्रकृतिको नभई आफ्नो जिम्माको रकम मासी खाने दुरुपयोग गर्ने मनसायबाट काम कारवाही भएको। यस्तो कार्य भ्रष्टाचारजन्य कसूरअन्तर्गत पर्ने।"*[1] भन्ने सिद्धान्त प्रतिपादन भएको। प्रस्तुत मुद्दामा प्रतिवादी भरत बहादुर बुढथापाले स्थलगत नाँपजाँच तथा प्राविधिक प्रतिवेदनको बेहोरालाई अन्यथा पुष्टि गर्न नसकी अन्य सह-प्रतिवादीहरु गोरसिंह बढुवाल र हिमाल कुमार मल्ल समेतबाट तयार र चेकजाँच गरी हस्ताक्षर गरिएको नापी किताब समेतमा निज प्रतिवादी समेतले बदनियत राखी हस्ताक्षर गरी स्वीकृत गरी गराई रु. २०,४८,४०३।५४ (अक्षरेपी बीस लाख अडचालिस हजार चार सय तीन र पैसा चौवन्न मात्र) नेपाल सरकारलाई गैरकानूनी हानी पुऱ्याई आफूले गैरकानूनी लाभ उठाई भ्रष्टाचार गरेको कसूर पुष्टि भएको अवस्थामा प्रतिवादीलाई आरोपित कसूरबाट सफाई पाउने ठहरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br><br>अतः माथि विवेचित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट प्रतिवादी भरत बहादुर बुढथापाले भ्रष्टाचारको कसूर गरेको पुष्टि भएको देखिँदा सम्मानित विशेष अदालतबाट निज प्रतिवादीले आरोपित कसूरबाट सफाई पाउने ठहरी भएको त्रुटिपूर्ण फैसला सो हदसम्म बदर गरी प्रतिवादीलाई आरोपित कसूरमा सजाय गरी पाउन मागदाबी रहेको। |

[1] *सार्जन पाण्डे समेत वि. नेपाल सरकार,* मुद्दाः भ्रष्टाचार (सर्वोच्च अदालत बुलेटिन, २०६६ मङ्सिर, वर्ष १८, अंक १५, पूर्णाङ्क ४१७, पृष्ठ १९)